# सूचना नम्बर : ३/२०७२-७३

यस निगममा रिक्त रहेका देहायबमोजिमका पदहरू जेष्ठता र कार्य सम्पादनको मूल्याङ्कनको आधारमा हुने बढुवाद्वारा पूर्ति गर्नु पर्ने भएको हुँदा निगमको कर्मचारी प्रशासन विनियमावली, २०६३ (एक्काइसौं संशोधनसहित) को परिच्छेद ४ को विनियम ४.२.१ र परिच्छेद ६ को ६.१ बमोजिमको २०७३ असार मसान्तसम्ममा न्यूनतम सेवा अवधि र शैक्षिक योग्यता पुग्ने तथा महिला, आदिवासी/जनजाति, मधेशी, दलित, अपाङ्ग, पिछडिएको क्षेत्रमा स्थायी बसोवास भएका कर्मचारीहरूको सेवा अवधिको हकमा उपरोक्त सेवा अवधिभन्दा एकवर्ष कम सेवा अवधि पुरा गरेका तथा सोही विनियमावलीको परिच्छेद ६ को विनियम ६.२ को उपविनियम (१) बमोजिमको अवस्था नभएका उम्मेदवारहरूले यो सूचना प्रकाशित भएको मितिले २१ दिनभित्र निगमको योजना, प्रशासन तथा मानव संशाधन विकास विभाग, केन्द्रीय कार्यालय, बबरमहलमा दरखास्त पेस गर्नु हुन सम्बन्धित सबैको जानकारीका लागि सूचना प्रकाशित गरिएको छ।

| सि.नं. | विज्ञापन नम्बर | पद | तह | सेवा | समूह | पद संख्या |
|---|---|---|---|---|---|---|
| १. | १/२०७२-०७३ | नायब कार्यकारी निर्देशक | ११ | - | - | १ |
| २. | २/२०७२-०७३ | निर्देशक | १० | - | - | ३ |
| ३. | ३/२०७२-०७३ | उप-निर्देशक (प्रशासन) | ९ | अप्राविधिक | प्रशासन | २ |
| ४. | ४/२०७२-०७३ | उप-निर्देशक (लेखा) | ९ | अप्राविधिक | लेखा | १ |
| ५. | ५/२०७२-०७३ | उप-निर्देशक (सि.ए.) | ९ | अप्राविधिक | लेखा | १ |
| ६. | ६/२०७२-०७३ | उप-निर्देशक (ल्याव) | ९ | प्राविधिक | ल्याव | १ |
| ७. | ७/२०७२-०७३ | प्रवन्धक (प्रशासन) | ८ | अप्राविधिक | प्रशासन | २ |
| ८. | ८/२०७२-०७३ | प्रवन्धक (लेखा) | ८ | अप्राविधिक | लेखा | १ |
| ९ | ९/२०७२-०७३ | उप-प्रवन्धक (प्रशासन) | ७ | अप्राविधिक | प्रशासन | ५ |
| १०. | १०/२०७२-०७३ | उप-प्रवन्धक (लेखा) | ७ | अप्राविधिक | लेखा | १ |
| ११. | ११/२०७२-०७३ | उप-प्रवन्धक (मेकानिकल) | ७ | प्राविधिक | इन्जिनियरिङ्ग | १ |
| १२. | १२/२०७२-०७३ | उप-प्रवन्धक (सिभिल) | ७ | प्राविधिकि | इन्जिनियरिङ्ग | १ |
| १३. | १३/२०७२-०७३ | उप-प्रवन्धक (मिस्त्री)इलेक्ट्रिसियन | ७ | प्राविधिक | इन्जिनियरिङ्ग | १ |
| १४. | १४/२०७२-०७३ | सहायक प्रवन्धक (प्रशासन) | ६ | अप्राविधिक | प्रशासन | २ |
| १५ | १५/२०७२-०७३ | सहायक प्रवन्धक (लेखा) | ६ | अप्राविधिक | लेखा | १ |
| १६ | १६/२०७२-०७३ | वरिष्ठ सहायक (प्रशासन) | ५ | अप्राविधिक | प्रशासन | २ |
| १७. | १७/२०७२-०७३ | वरिष्ठ सहायक (लेखा) | ५ | अप्राविधिक | लेखा | १ |
| १८. | १८/२०७२-०७३ | वरिष्ठ सहायक (कम्प्यूटर) | ५ | प्राविधिक | विविध | १ |
| १९. | १९/२०७२-०७३ | वरिष्ठ सहायक (मिस्त्री) | ५ | प्राविधिक | इन्जिनियरिङ्ग | २ |

**नोट**:

१. उम्मेदवारले दरखास्तसाथ आफूले प्राप्त गरेको जेष्ठता, भौगोलिक क्षेत्रको अनुभव तथा तालीमसहितको व्यक्तिगत विवरण तथा आफूले प्राप्त गरेका शैक्षिक योग्यताको प्रमाणित प्रतिलिपि पेस गर्नु पर्नेछ।

२. आदिवासी/जनजाति, मधेशी, दलित, अपाङ्ग तथा पिछडिएको क्षेत्रमा स्थायी बसोबास भएका उम्मेदवारहरूले नेपाल आयल निगम लिमिटेड कर्मचारी प्रशासन विनियमावली, २०६३ (एक्काइसौं संशोधनसहित) को विनियम ४.२ को उपविनियम ९ मा उल्लेख भएका तत्तत् समूहसम्बन्धी काजगातहरूको प्रमाण सम्बन्धित निकायबाट प्राप्त गरी दरखास्तसाथ पेस गर्नुपर्नेछ। साथै, समावेशी तर्फ विनियमावलीको परिच्छेद ६ को विनियम ६.१ को उपविनियम (३) अनुसार नियुक्ति वा बढुवा हुँदा निगमको नोकरी सेवा अवधिभरीमा एकपटक मात्र उपयोग गर्न पाउने व्यवस्थाअनुसार त्यस्तो कुनै समावेशीको सुविधा उपभोग गरिसकेको भए दरखास्तसाथ सो समेत उल्लेख गर्नुपर्नेछ।

३. तोकिएको अवधिभित्र दरखास्त पेस नगरेमा त्यस्तो उम्मेदवारलाई सम्भाव्य उम्मेदवारको रूपमा समावेश गरिने छैन।

पदपूर्ति समिति

**नेपाल आयल निगम लिमिटेड**